गढी गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता कार्यविधि २०७७

मिति २०७७/०८/१९ गते कार्यपालिकाको बैठकबाट पारित

**प्रस्तावना :**

विश्वव्यापी दिगो विकास लक्ष्य अन्तर्गत सबैको निम्ति सुरक्षित र स्वच्छ खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच हासिल गर्ने र सरसफाइ र स्वच्छ अवस्था कायम गर्ने लक्ष्य तोकेको, नेपालको संविधान भाग तीन मौलिक हकको धारा ३० को उपधारा (१) ले स्वच्छ वातावरणको हक र धारा ३५ को उपधारा (४) ले प्रत्येक नागरिकको स्वच्छ खानेपानीको हक सुनिश्चित गरेको सन्दर्भमा, सबै बस्ती तथा समुदाय, संघ संस्था, विद्यालय तथा सार्वजनिक स्थलहरूमा खानेपानी सरसफाइ र स्वच्छता सुविधाको दिगो व्यवस्थापन, संचालन तथा स्वच्छ बानी व्यवहार सुनिश्चित गर्न, खुला दिशा मुक्त घोषणा पश्चात त्यसको दिगोपना कायम गर्न तथा सरसफाइको सघन कार्यक्रम बनाइ पूर्ण सरसफाइका सूचकहरू हासिलका लागी कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकाले

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी गढी गाउकार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

**परिच्छेद १**

**सङ्क्षिप्त नाम र परिभाषा**

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

**क** यो कार्यविधिको नाम "**गढी गाउँपालिका खानेपानी, सरसफाइ र स्वच्छता कार्यविधि २०७६**" रहेकोछ ।

ख यो कार्यविधि नगरकार्यपालिकाबाट स्विकृत भएको मिति देखि लागुहुनेछ ।

२. परिभाषा

क) **"सुरक्षित खानेपानी"** भन्नाले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैवीक र रासायनिक पदार्थहरु नरहेको पानी बुझिन्छ ।

ख) **"खानेपानी योजना"** भन्नाले खानेपानीको आपूर्तीकालागी कम्तीमा एउटा पक्की संरचना र एउटा धारा अनुगमनको समयमा संचालनमा रहेको वा नरहेको अवस्थामा भएको योजनालाई जनाउँछ ।

ग) **"खानेपानी सुविधास्तर"** भन्नाले नेपाल सरकारले तोकेको प्रति व्यक्ति पानीको परिणाम, गुणस्तर तथा पहुँचका अवस्थाको स्तरलाई जनाउँछ ।

घ) **"सरसफाइ"** भन्नाले मानव मलमूत्रको सुरक्षित विसर्जनका लागि सेवा र सुविधाहरुको व्यवस्थापनलाई बुझाउँछ । सरसफाइले फोहोरमैला संकलन र फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायम गर्नुलाई पनि बुझाउँछ ।

ङ) **"स्वच्छता"** भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट

वच्न अपनाइने सम्पूर्ण व्यवहारहरु हुन् । स्वच्छताले व्यक्ति र समुदायको आनिबानिलाई जनाउँछ ।

च। **"सफा र स्वच्छ अवस्था"** भन्नाले सफा र स्वच्छ चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समन्वय समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई बुझाउछ ।

छ। **"पूर्ण सरसफाइ उन्मुख अवस्था"** भन्नाले यस मार्गदर्शनमा उल्लेखित सफा र स्वच्छ , पूर्ण सरसफाइ उन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समन्वय समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई बुझाउछ ।

ज। **"सार्वर्जजनिक शौचालय"** भन्नाले सार्वजनिक स्थानमा हिंडडुल गर्ने जो कोहि व्यक्तिले प्रयोग गर्न सक्ने प्रयोगकर्ता-मैत्री शौचालय हो ।

झ। **"संस्थागत शौचालय"** भन्नाले विद्यालय, कार्यालय, स्वास्थ्य संस्था जस्ता निकायहरुमा निमार्ण गरिएका प्रयोगकर्ता-मैत्री शौचालय हो ।

ञ। **"सामाजिक समावेशीकरण"** भन्नाले समुदायका सबै लिंग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र क्षेत्रका व्यक्तिको योजना तर्जुमा, निर्णय प्रक्रिया र सेवा सुविधामा पहुँच रहेको अवस्था बुझाउछ ।

ट। **"विपद् व्यवस्थापन"** भन्नाले बाढी–पहिरो, आगलागी, भूकम्प, भूक्षय र रोगव्याधिजन्य महामारी जस्ता प्राकृतिक एवं मानव सृजित विपद् सम्बन्धी पूर्व तयारी, उद्धार, पुनर्लाभ, पुनर्स्थापना र पुनःनिर्माण व्यवस्थापनको समष्टिगत व्यवस्था हो ।

ठ। **"प्रयोगकर्ता-मैत्री खानेपानी, सरसफाइ र स्वच्छता (वास) का सुविधाहरु"** भन्नाले शारीरिक रुपले असक्षम र अपाङ्गता भएका तथा बालबालिका, वातावरण, लैङ्गिक, जेष्ठ नागरिक आदि सबैले प्रयोग गर्न सजिलो हुने प्रयोगकर्ता-मैत्री वास सुविधाहरुलाई बुझाउछ ।

ड। **"बानी व्यवहार विकास "** भन्नाले शौचालयको प्रयोग, साबुन पानीले हात धुने, महिलाको महिनावारी । मासिक धर्म व्यवस्थापन लगायत र अन्य सरसफाइ र स्वच्छता सम्बन्धी आनिबानिको निरन्तर प्रक्रियालाई बुझाउछ ।

ढ। **"दिगो सरसफाइ "** भन्नाले स्वचालित र नियमित रुपमा संचालित सरसफाइलाई बुझाउछ ।

ण। **"सरोकारवाला "** भन्नाले सरकारी, गैर सरकारी कार्यालय तथा निकाय, राजनीतिक दल, विद्यालय, सहकारी, निजी क्षेत्र, नागरिक समाज, आम संचार, उपभोक्ता समितिहरु लगायतका सरोकारवालाहरुलाई बुझाउछ ।

त। **"समिति "** भन्नाले पालिका स्तरीय खानेपानी सरसफाइ स्वच्छता समितिलाई बुझाउछ ।

## परिच्छेद २
## लक्ष्य, उद्देश्य तथा रणनीति

### २.१. लक्ष्य

सन् २०३० सम्म सबैका लागी, सधैका लागी खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाको व्यवस्था र स्वच्छता सामाजिक व्यवहार परिवर्तनको सुनिश्चितता गरि पूर्ण सरसफाइको अवस्था हासिल गर्ने ।

### २.२. उद्देश्यहरुः

२.२.१. खानेपानी सरसफाइ सम्बन्धी राष्ट्रिय नीति तथा योजनाहरुलाइ अवलम्बन गर्दै स्थानीय तहमा खानेपानी, सरसफाइ र स्वच्छता योजना (WASH Plan) तयार गरी कार्यान्वयन गर्ने ।

२.२.२. खानेपानी सरसफाइ सुविधास्तर तथा पूर्ण सरसफाइका सूचकहरु अन्तरगत रहि स्थानीय परिवेश अनुसार मापदण्ड तथा सूचकहरु तयार पार्ने ।

२.२.३. तयार पारिएका मापदण्ड कार्यान्वयनका लागी विधि प्रक्रिया र पद्धतिका विषयमा सहजीकरण गर्ने ।

२.२.४. समुदाय तथा संस्थागत तहमा खानेपानी र सरसफाइ सुविधा निर्माण, व्यवस्थापन तथा संचालनका लागी उपलब्ध स्रोत साधनहरुको पहिचान तथा परिचालन गर्न उपयुक्त वातावरण सिर्जना गर्ने ।

### २.३. रणनीतिहरु

२.३.१. खानेपानी, सरसफाइ र स्वच्छताका क्रियाकलाप सचालनका लागी पालिका तहमा खानेपानी, सरसफाइ र स्वच्छता योजना (WASH plan)बनाउन पालिकाको अवस्था अनुरुप वास योजना तयार पार्ने र सो अनुसार कार्यान्वयन गर्ने ।

२.३.२. खानेपानी सरसफाइ र स्वच्छता योजना तयारी तथा कार्यान्वनका लागी सरकारी, गैर सरकारी, निजि क्षेत्र तथा नागरिक समाज बीच समन्वय सहकार्य र साझेदारी गर्ने ।

२.३.२. वार्षिक योजना तर्जुमा प्रक्रिमा खानेपानी सरसफाइ तथा स्वच्छता (WASH Plan) योजनामा प्राथमीकरणमा परेका क्रियाकलापहरुलाइं प्राथमिकतामा राखि, समावेश गरी कार्यान्वयन गर्ने ।

२.३.३. खानेपानी सरसफाइ तथा स्वच्छताको क्षेत्रमा भएको प्रगतिलाइं कम्तीमा वार्षिक रुपमा अनुगमन गरि खानेपानी सरसफाइ र स्वच्छताको अवस्था अध्यावधिक प्रणालीको विकास गर्ने ।

२.३.४. खानेपानी, सरसफाइ र स्वच्छता सेवा बाट वन्चित समुदाय तथा परिवारको तथ्यांक संकलन गरी सो सम्बन्धि योजना तर्जुमा गर्ने ।

२.३.५. खानेपानी सरसफाइ तथा स्वच्छता योजनामा सामाजिक व्यवहार परिवर्तनका लागी स्पष्ट नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।

२.३.६. वृहत खानेपानी योजना, ठोस फोहर व्यवस्थापन, शौचालयको मानविय मलमुत्र व्यवस्थापनका आदिको निमार्ण, सचालन तथा मर्मत सम्भारमा लगानीका लागी निजीक्षेत्रलाई प्रोत्साहन गर्ने ।

परिच्छेद ३

समिति सम्बन्धी व्यवस्था

३.१.गाउँपालिका स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समिति

३.१.१.गाउँपालिका स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| क) गाउँपालिका प्रमुख | अध्यक्ष |
| ख) गाउँपालिका उपप्रमुख | उपाध्यक्ष |
| ग) वडा अध्यक्षहरु सबै | सदस्य |
| घ) संयोजक, वन वातावरण शाखा | सदस्य |
| ङ ) पालिका क्षेत्रभित्रका सुरक्षा निकाय प्रमुख वा प्रतिनिधिहरु | सदस्य |
| च) खानेपानी उपभोक्ता महासंघ प्रतिनिधि एक महिला सहित २ जना | सदस्य |
| छ) खानेपानी, सरसफाइ, स्वच्छता र स्वास्थ्य क्षेत्रमा काम गर्ने गै.स.स.मध्ये बाट समितिले तोकेको एक महिला सहित २ जना | सदस्य |
| ज) प्रमुख, समाजिक विकास शाखा | सदस्य |
| झ) प्रमुख, शहरी पुर्वाधार विकास शाखा | सदस्य |
| ञ) प्रमुख, वातावरण तथा विपद् व्यवस्थापन शाखा | सदस्य |
| ट) प्रमुख शिक्षा शाखा | सदस्य |
| ठ) प्रमुख स्वास्थ्य शाखा | सदस्य |
| ड) महिला स्वास्थ्य स्वयं सेविका मध्ये बाट १ जना | सदस्य |
| ढ) पालिकास्तरका विद्यालयका शिक्षकहरु बाट १ जना महिला सहित २ जना | सदस्य |
| ण) गाउँपालिका स्तरिय बाल समुह संजाल बाट २ जना कम्तीमा एक जना बालिका सहित | सदस्य |
| त) प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

३.१.२. गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिको काम, कर्तव्य र अधिकार

क) गाउँपालिकाको खुल्ला दिसामुक्त भुक्त अवस्थालाइ दिगो बनाउन पूर्ण सरसफाईका क्रियाकलापहरु संचालन गर्ने । त्यसका लागि घरायसी, समुदाय तथा संस्थागत सूचकहरु निर्धारण गरि (राष्ट्रिय सूचकहरु संग सम्बन्धित रहने गरि) कार्यान्वयन गर्ने ।

ख) गाउँपालिका स्तरको खानेपानी सरसफाइको अवस्था विश्लेषण गरि खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH plan)तयार पार्ने ।

ग) गाउँपालिका क्षेत्र भित्र रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु संग समन्वय गरि खानेपानी सरसफाइ योजनामा प्राथमीकतामा भएका क्रियाकलापहरुको कार्यान्वयन गर्न समभ्रूदारी गर्ने ।

घ) पूर्ण सरसफाई र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्न अभियान संचालन गर्ने ।

ङ) पूर्ण सरसफाई, फोहोरमैला व्यवस्थापनका लागि वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिलाई आवश्यक सहयोग गर्ने व्यवस्था मिलाउने ।

च) खानेपानी, सरसफाइ तथा स्वच्छता कोषको व्यवस्थापन गर्ने ।

छ) खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रमको प्रभावकारीता मुल्यांकन गर्ने ।

ज) जिल्ला, प्रदेश तथा संघमा समन्वय गर्ने तथा खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था अध्यावधिकक गर्ने ।

### ३.१.३. बैठक सम्बन्धि कार्यविधि

क) समितिको बैठक दुइ महिनामा कम्तीमा एकपटक बस्नेछ र अन्य आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

ग) समन्वय समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले बैठक पूर्व सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

घ) समितिमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

झ) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

### ३.२. वडास्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समिति

**३.२.१. यस पालिकाको हरेक वडाका निम्नानुसार खानेपानी, सरसफाइ तथा स्वच्छता समिति गठन गरिनेछ ।**

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) सम्बन्धित वडाबाट प्रतिनिधित्व गर्ने नगरकार्यपालिका सदस्य | सदस्य |
| ग) वडा समितिका सदस्यहरु सबै | सदस्य |
| घ) वडाका स्वास्थ्य संस्था प्रमुख | सदस्य |
| ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा काम गर्ने संघसस्थाहरु समितिले तोकेको एक महिला सहित २ जना | सदस्य |
| च) विद्यालय शिक्षकहरु कम्तीमा १ जना महिला सहित २ जना, | सदस्य |

छ। वडा बाल समूह संजालको प्रतिनिधि १ बालिका सहित २ जना | सदस्य

ज। महिला स्वास्थ्य स्वयं सेविकाबाट एकजना | सदस्य

झ। वडा सचिव | सदस्य सचिव

### ३.२.२.वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिको काम, कर्तव्य र अधिकार

क। वडामा संचालीत खानेपानी सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरु अनुगमन गर्ने तथा पालिकामा जानकारी गराउने ।

ख। वडाको खुल्ला दिसामुक्त क्षेत्र अवस्थालाइ दिगो बनाउन क्रियाकलापहरु संचालन गर्ने, अनुगमन गर्ने र पूर्ण सरसफाई सुनिश्चितता कायम गर्ने ।

ग। पालिकास्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयारीका लागी तथ्यांक संकलन तथा प्रमाणीकरण प्रक्रियामा भाग लिने ।

घ। टोल विकास संस्थाहरुलाई वडाको पूर्णसरसफाइ अभियानमा परिचालन गर्ने ।

ङ।) वडाभित्र रहेका खानेपानी सरसफाइ, स्वच्छता तथा स्वास्थ्य सम्वन्धि काम गर्ने संघसंस्थाहरु बीच समन्वय गर्ने ।

च। वडास्तरमा पूर्ण सरसफाई र स्वच्छता सम्बन्धी बानि व्यवहार विकास गर्न क्रियाकलाप संचालन गर्ने ।

छ। पालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिबाट प्राप्त निर्देशनहरु कार्यान्वयन र आवश्यक समन्वय गर्ने ।

### ३.२.३. बैठक सम्वन्धि कार्यविधि

क। समितिको बैठक कम्तीमा तिन महिनामा एकपटक बस्नेछ र अन्य आवश्यकता अनुसार बस्नेछ ।

ख। समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

ग। समन्वय समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले बैठक पूर्व सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

घ। समितिमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ. समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता जेष्ठ सदस्यले गर्नेछ ।

च। समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

झ। बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

### ३.३. विद्यालय स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समिति

३.३.१: विद्यालयमा खानेपानी, सरसफाइ तथास्वच्छतासम्बन्धी योजना तर्जुमा, सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि पालिका भित्रका प्रत्येक विद्यालयमासम्बन्धित विद्यालय व्यवस्थापन समितिको मातहतमा रहने गरी देहायका सदस्य रहेको एक विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा सो समितिले तोकेको सदस्य - अध्यक्ष

ख) विद्यालयका प्रधानाध्यापक - सदस्य

ग) शिक्षक अभिभावक सङ्घले आफूमध्येबाट छानी पठाएको एकजना महिला सदस्य - सदस्य

घ) विद्यालय सेवा क्षेत्रभित्र रहेको स्वास्थ्य सेवा प्रदायक संस्थाको प्रतिनिधि एकजना - सदस्य

ङ) बाल समूहका पदाधिकारीहरुले आफूमध्येबाट छानी पठाएको एकजना छात्रा सहित २ जना -सदस्य

च) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्पर्क शिक्षक एकजना - सदस्य सचिव

**३.३.२.विद्यालयस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिको काम, कर्तव्य र अधिकार**

क) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूको सुनिश्चितताका लागि सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयन गर्ने,

ख) विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने,

ग) विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरू समावेश गराइ स्वच्छताकोअभ्यास गराउने वातावरण तयार गर्ने,

घ) विद्यालयलाई मापदण्डको आधारमा उत्कृष्ट अवस्थामा पुर्‍याउनका लागि आवश्यक स्रोतहरुको खोजी र व्यवस्थापन गर्ने,

ङ) विद्यालयका खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूको मर्मत, सम्भार, रेखदेख र अनुगमन गर्ने,

च) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको स्वअनुगमन फाराम भरी विद्यालय व्यवस्थापन समितिलाईउपलब्ध गराउने,

छ) विद्यालयलाई तीन तारा युक्त बनाउन र निरन्तरता दिनका लागि विद्यालय व्यवस्थापन, प्रशासन र बाल समूह संग समन्वय गरी अन्य आवश्यक क्रियाकलापहरू गर्ने ।

**३.३.३. बैठक सम्वन्धि कार्यविधि**

क) समन्वय समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले बैठक पूर्व सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

ख) समितिमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

ग) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता सो समितिको जेष्ठ सदस्यले गर्नेछ ।

घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

ङ) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**परिच्छेद ४**

**४.१ खानेपानी सरसफाई तथा स्वच्छताका मापदण्ड**

खानेपानी सरससफाइ तथा स्वच्छता सम्बन्धी मापदण्डहरुपालिकास्तरको खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिले संघिय तथा प्रादेशिक मापदण्डहरुलाई आधारमानी निर्धारण गर्नेछ । उक्त मापदण्डहरु पालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता योजना (WASH Plan)को अभिन्न अंगको रुपमा रहनेछन् । पालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिले घरायसी, समुदाय, सार्वजनिक स्थल, विद्यलाय तथा स्वास्थ्य संस्था आदिका लागी छुट्टा छुट्टै मापदण्ड निर्धारण गरि लागु गर्नेछ ।

**परिच्छेद ५**

**५.१ अनुगमन, मूल्याङ्कन र प्रमाणिकरण**

१) गाउँपालिकास्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार पार्दा सम्पूर्ण घरायसीहरुको सूचक अनुसार खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धि तथ्यांकहरु संकलन गरि वर्षेनी तथ्यांक अध्यावधिकक हुने गरि अनुगमन प्रणालीको विकास गर्ने ।

२) विद्यालय खानेपानी, सरसफाइ तथा स्वचछताका सूचकहरुको आधारमा विद्यालय स्तरिय खानेपानी, सरसफाइ, स्वच्छता समितिले स्वमूल्यांकन गर्नेछ र विद्यलाय व्यवस्थापन समिति, वडा तथा पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समितिले वार्षिक रुपमा अनुगमन गरि अवस्था अध्यावधिक गर्ने छ ।

३) स्वास्थ्य संस्था तथा अन्य संस्थाहरुको सरसफाइको अवस्था अनुगमन गर्न, पालिकास्तरको खानेपानी, सरसफाइ, स्वच्छता समितिले निश्चित सूचकहरु निर्धारण गरि वर्षेनी अनुगमन गरि अवस्था अध्याबधिक गर्नेछ ।

४) समुदायस्तरको सरसफाइ, सार्वजनिक शौचालय, हल आदिको अवस्था वार्षिक रुपमा अध्यावधिक गरि सुधारका लागी योजना बनाइनेछ ।

५) यसरी प्राप्त अनुगमन तथा मूल्यांकनका प्रतिवेदनहरु, जिल्ला, प्रदेश तथा संघमा उपलब्ध गराइनेछ ।

**परिच्छेद ६**

**क्षमता विकास तथा वित्तीय व्यवस्थापन**

**६.१ क्षमता विकासका क्रियाकलापः**

गाउँपालिकास्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवद्धनका लागि बिभिन्न तहमा क्षमता विकासका क्रियाकलापहरु संचालन हुनेछन् ।

१) सङ्घीय तह तथा प्रदेश तहको समन्वयमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि नीतिगत विषयमा गोष्ठी सेमिनारहरू आयोजना गरिनेछ ।

२) खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयारीका तथ्यांक संकलन, विश्लेषण र योजना तयारी सम्वन्धि पालिका तथा वडास्तरमा तालीम संचालन गर्ने ।

३) तथ्यांक संकलन, विश्लेषण तथा अध्यावधिक सहितको अनुगमन तथा मुल्यांकन प्रणालीको विकास गर्ने ।

४) संघ तथा प्रदेश तहको समन्वयमा सरकारी तथा गैर सरकारी निकाय र सरोकारवालाहरूलाई खानेपानी,सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्वन्धी सिकाइ आदान प्रदान, योजना तर्जुमा तथा समन्वय गोष्ठी तथा सम्मेलनहरूको आयोजना गर्ने ।

**६.२ वित्तीय व्यवस्थापन :**

गाउंपालिका स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरुको निमाणं, मर्मत सम्भार, स्तर वृद्धि तथा अनुगमन मुल्यांकनका लागी पालिका, वडा, विद्यालय, स्वास्थ्य संस्था र अन्य संघ संस्थाहरुमा सरसफाइ कोषको स्थापना गरि परिचालन गरिनेछ । खानेपानी, सरसफाइ तथा स्वच्छता क्रियाकलापहरु अन्तरगत, खानेपानी योजना, निर्माण, ठूलो खाले मर्मत, सरसफाइ तथा स्वच्छता अभियान र अनुगमन मुल्यांकनका लागी पालिका स्तरमा कोषको व्यवस्था गरिनेछ भने खानेपानी योजनाको संचालन तथा सम्भारका लागी खानेपानी योजना स्तरमा मर्मत सम्भार कोषको रुपमा स्थापना गरिनेछ । त्यसै गरि हरेक विद्यलाय वा संघ संस्थाहरुमा पनि खानेपानी सरसफाइ तथा स्वच्छता कोषको व्यवस्था गरिनेछ । उक्त कोषको स्रोत निम्नानुसार हुनेछ ।

क. सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त रकम,

ख.संयुक्त राष्ट्र सङ्घीय निकायहरू, दातृ निकायहरू र विकासका साझेदारहरूबाट नियमानुसार प्राप्त अनुदान,

ग.अन्य व्यक्ति वा निकायहरूबाट प्राप्त दानदातव्य, पुरस्कार,

घ। खानेपानी वा सरसफाइ सुविधा मार्फत प्राप्त शुल्क,

ङ. खानेपानी योजना, सार्वजनिक शौचालय, ठोस फोहर व्यवस्थापन योजना आदि जस्ता धेरै लागत लाग्ने योजनाहरु संचालनका लागी बैंक, सहकारी संस्था तथा निजी क्षेत्रबाट प्राप्त अनुदान, ऋण तथा लगानी ।

**परिच्छेद ७**

## ७.१ विभिन्न निकायहरुको भूमिका

### ७.१.१. गाउँ सभा

क। गाउं सभा मार्फत खानेपानी, सरसफाइ तथा स्वचछता सम्वन्धि नीति, कार्यविधि वा ऐन बनाउने,

ख। खानेपानी, सरसफाइ तथा स्वच्छता समितिले तयार पारेको वास योजना तयारी कार्यविधि अनुमोदन गर्ने र वास योजना तयारीमा सहयोग गर्ने,

ग। खानेपानी, सरसफाइ तथा स्वचछता योजना (WASH Plan) तयारी तथा योजनाको कार्यान्वयनका लागी वजेट तर्जुमा गर्ने,

घ। आर्थिक तथा प्राविधिक सहयोगका लागी विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग समन्वय गर्ने ।

ङ.। खानेपानी सरसफाइ तथा स्वच्छता समिति र पालिका स्तरिय अन्य समिति जस्तै शिक्षा समिति, वन वातावरण समिति, विपद व्यवस्थापन, वालमैत्री स्थानिय शासन समिति आदि वीचमा समन्वय तथा सहकार्यका लागी भूमिका खेल्ने,

च। खानेपानी सरसफाइ तथा स्वच्छता समितिहरुको क्षमता अभिवृद्वि गर्ने ।

### ७.१.२.गाउँपालिका स्तरिय अन्य शाखाहरु

क। खानेपानी सरसफाइ तथा स्वच्छता समितिको वैठकमा सहभागी हुने,

ख। पालिका तथा वडास्तरमा संचालन हुने विभिन्न क्रियाकलापहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता संग सम्वन्धि सुरक्षित व्यवहारहरु प्रदर्शन गर्ने,

ग। खानेपानी योजना, सरसफाइका सुविधाहरु तथा स्वच्छता व्यवहार परिवर्तनका क्रियाकलापहरु अनुगमनका क्रियाकलापमा सहभागी हुने,

घ) खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयारी तथा कार्यान्वयनका लागी आवश्यक परेको खण्डमा जनशक्ति उपलब्ध गराउने ।

**७.१.२. स्थानीय संघसंस्था तथा विकासका साझेदारहरू :**

क) समुदाय, सार्वजनिक स्थल तथा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका योजना तर्जुमा तथा कार्यान्वियनका लागी आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

ख) विपदको समयमासमुदाय, सार्वजनिक स्थल तथा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका लागि मानवीय सहयोग उपलब्ध गराउने,

ग) क्षमता विकास तथा अनुसन्धानका लागि सहयोग उपलब्ध गराउने,

घ) चेतनामुलक सामग्रीहरुको विकास र वितरणमा सहयोग गर्ने,

ङ) राम्रा अभ्यासहरुको संकलन गरी छपाइ तथा वितरण गर्ने

**परिच्छेद ८**

**८.१ खानेपानी सरसफाइ तथा स्वच्छता योजना** (WASH Plan)

**८.१.१ गाउँपालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता** (WASH Plan) **योजना तयारी:**

पालिका स्तरिय खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समितिले पालिका स्तरको विस्तृत योजना बनाइ कार्यान्वयन गर्नेछ । यस योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, कार्यक्रम संचालन प्रक्रिया तथा विस्तृत कार्ययोजना समावेश गरिनेछ । परिमाणात्मक तथ्यांक तथा विभिन्न लक्षित समूहहरु (पछाडी पारिएको वर्ग, समुदाय, लिंग, उमेर) संगको छलफलबाट आएका निष्कर्षहरुको आधारमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार पारिनेछ । उक्त योजना तयारीको चरण, प्रक्रियातथा आवश्यक आर्थिक तथा प्राविधिक पक्षको विस्तृत खाका सहितको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan ) तयारी प्रक्रिया तयार गरि पालिकास्तर बाट स्विकृत गरिनेछ ।

**८.१.२. गाउँपालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता** (WASH Plan) **तयारी तथा कार्यान्वयन**

खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिले विभिन्न सरोकारवालाहरु संगको सहकार्यमा खानेपानी सरसफाइ तथा स्वच्छता योजना (WASH Plan ) कार्यान्वयन गर्नेछ । पालिकाको वार्षिक योजनामा वास योजनाका क्रियाकलापहरुलाई प्राथमिकरणको आधारमा समावेश गरि कार्यान्वयन गरिनेछ। त्यसका साथै कुनै विकास साझेदार संस्थाहरुले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि क्रियाकलापहरु संचालन गर्दा वास योजनाको परिधि भित्र रहि काम गर्ने क्षेत्र, संस्थाको आर्थिक क्षमता तथा प्राविधिक दक्षताको आधारमा योजनाहरु संचालन गर्नेछ ।

**परिच्छेद ९**

**९.१.अनुगमन मुल्यांकन तथा प्रमाणीकरण**

खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्दा घरायसी तथा समुदायस्तरको खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था, सार्वजनिक शौचालयको आवश्यकता तथा अवस्था, ठोस फोहर तथा दिशाजन्य लेदोको व्यवस्थापनको सुविधा तथा अभ्यास आदिको बारेमा विस्तृत तथ्यांकहरु संकलन गरि पालिका स्तरमा तथ्यांक व्यवस्थापन गरिनेछ र वार्षिक रुपमा अनुगमन गरि तथ्यांक अद्यावधिक गर्ने प्रणालीको विकास गरिनेछ ।

वार्षिक रुपमा खानेपानी तथा सरसफाइ योजनामा समावेश गरिएका सूचकहरुको मापन गरि कुनै निश्चित समुदाय वा वडाको खानेपानी तथा सरसफाइको अवस्था अनुगमन गरि प्रमाणित गरिनेछ । प्रमाणीकरणका लागी उक्त सूचकहरुमा आधारित रहि, सुरुमा वडा बाट र त्यस पछि पालिकास्तर बाट अनुगमन गरि प्रमाणीत गरिनेछ ।

**अनुसूचीहरु**

**अनुसूची १**

**खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयारी विधि**

## गाउँपालिकास्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयारी प्रक्रिया

१. पृष्ठभुमी

नेपालको संविधानमा खानेपानी, सरसफाइ तथा स्वच्छतालाई मौलीक हकको रुपमा व्याख्या गरिए अनुरुप खानेपानी सरसफाइ तथा स्वच्छता प्रत्येक व्यक्ति तथा समसदायको अभिन्न अंग हो । नेपालको संविधानले धारा ३५ (४) ले सबैकाका लागी सुरक्षित खानेपानीको पंहुच र धारा ३० (१) ले स्वच्छ वातावरणमा बाच्न पाउँने हकको प्रावधान गरेकोछ । सो अनुरुप नेपाल सरकारले सबै नेपाली जनतालाई सुरक्षित, प्रयाप्त, सस्तो र सबैको पंहुच सहितको खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरु परिपुर्ति गर्ने लक्ष्य लिएकोछ ।

नेपाल सरकार, नागरिक समाज, विकास साझेदार संस्थाहरु र समुदायको सहभागीता तथा योगदानबाट विगत केही वर्ष यता नेपालमा खानेपानी तथा सरसफाइको क्षेत्रमा महत्वपूर्ण उपलब्धी भएको देखिन्छ । विशेष गरि सरसफाइ गुरुयोजना २०६८ ले लिएको लक्ष्य अनुरुप १३ असोज २०७६ बाट नेपाल खुला दिशामुक्त राष्ट्र घोषणा भएकोछ भने खानेपानीको क्षेत्रमा लगभग ८७% हाँसिल भएको देखिन्छ । राष्ट्रिय लक्ष्य अनुरुप यस नगरपालिका क्षेत्र पनि ........... मितिमा खुला दिशा मुक्त क्षेत्र घोषणा भएकोछ । दीगो विकासको लक्ष्य (SDG Goal) नं. ६ को १ ले सन् २०३० सम्ममा सबैका लागी सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी समानतामुलक पहुंच हासिल गर्ने लक्ष्य लिएको छ र दीगो विकासको लक्ष्य (एसडिजी) नं. ६ को २ ले सन् २०३० सम्ममा सरसफाइ र स्वच्छ अवस्था कायम गर्ने कुराहरुमा सबैको लागी प्रयाप्त र न्यायोचित पहुंच सुनिश्चित गर्ने साथै महिला एवं किशोरीहरु र कमजोर वा सकटापन्न स्थितिमा रहेका व्यक्तिहरुको आवश्यकतालाई विशेष ध्यान दिइ खुला दिसा पिसाव अन्त्य गर्ने चलनको अन्त्य गर्ने लक्ष्य लिएको छ । सो अनुरुप नेपाल सरकारले दिगो विकास लक्ष्य प्राप्तीका लागि प्रतिवद्धता जनाइसकेको छ, र उक्त लक्ष्य हाँसिलका लागी नेपाल सरकारले खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (२०१६-२०३०) मस्यौदा तयार पारेको छ । यस पालिकाको स्तरमा पनि वार्षिक योजना तर्जुमा प्रकिया मार्फत खानेपानीका योजनाहरु निमार्ण तथा मर्मतका कियाकलापहरु संचालन हुँदै आएका छन् । तथापी, यस पालिकामा वासको नीति, निर्देशीका तथा योजनाको अभावका कारण खानेपानी सरसफाइ तथा स्वच्छताका कियाकलापहरु चुस्त दुरुस्त संचालनमा आउन नसकेको देखिन्छ । पालिका स्तरीय सरकारले अझैपनि आवधीक योजना, स्रोतको परिचालन र खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको कार्यान्वयनमा अग्रसरता लिन आवश्यक देखिन्छ । नेपालको संविधानको धारा ५७ को उपधारा ४ र अनुसूची अनुसार पालिकाहरुलाई दिएको स्वास्थ्य, सरसफाइ स्वच्छता र खानेपानी सम्बन्धी ऐन, नीति र निर्देशीका तयार पारि लागु गर्न सक्ने कानुनी अधिकार अनुरुप पालिका स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको आवश्यकता महशुस गरिएकोछ ।

देशभरको जस्तै यस नगरपालिकामा पनि, खुला दिशामुक्त अवस्थाको दिगोपना कायम राख्ने र खानेपानी योजनाहरुको संचालन तथा दिगोपना कायम राख्ने काम, साथै सरसफाइका सुविधाहरुको स्तरोन्नती गरि घरायसी तथा सामुदायीक स्वच्छता कायम गर्नु पनि चुनौती पूर्ण कार्य रहेकोछ । पालिका स्तरिय खानेपानी

सरसफाइ तथा स्वच्छता कार्यविधि र पूर्ण सरसफाइ निर्देशीका २०७३ अनुसार खानेपानी, सरसफाइ तथा स्वच्छताका विभिन्न सूचकहरु जस्तै, चर्पीको सुरक्षित प्रयोग, सुरक्षित पानीको प्रयोग, व्यक्तिगत सरसफाइ, घरायसी सफाइ, सुरक्षित खाना र वातावरणको सरसफाइ आदि सूचकहरुको उपव्धीका लागी पनि पालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयार गरिनेछ । यसका साथै, यस योजनाले पालिका तथा वडास्तरको योजना तर्जुमा, स्रोतको बाँडफाड र खानेपानी सरसफाइ तथा स्वच्छता क्रियाकलापहरु अनुगमन तथा मूल्यांकन गरि अनुगमन प्रणालीको विकास गर्न पनि सहयोग गर्नेछ ।

## २. खानेपानी सरसफाइ तथा स्वच्छता योजनाको उद्देश्य

खानेपानी सरसफाइ र स्वच्छताको मुख्य उद्देश्य स्थानीय सरकार तथा अन्य संघसंस्था बाट पालिकास्तरमा संचलान हुने खानेपानी, सरसफाइ तथा स्वच्छता संग सम्वन्धित क्रियाकलापहरुलाई एकिकृत रुपमा योजना तर्जुमा गरि कार्यन्वयन गर्नु रहेकोछ । पालिकाको यो योजना खानेपानी सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरु संचालन तथा अनुगमन उपयोग गरिनेछ र पालिका, प्रदेश तथा संघियस्तरमा वार्षिक योजना तर्जुमाको लागी यो योजनाको लागी पनि आधारभुत दस्तावेज हुनेछ । खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयारीको चरणमा संकलन गरिएका सूचनाहरु खानेपानी सरसफाइ तथा स्वच्छता सम्वन्धि आधारभुत सूचनाहरु हुनेछन् र उक्त सूचनामा आधारित गरि खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयार पारिनुका साथै त्यसको प्रगति समिक्षा गरि तथ्यांक अध्यावधिक गर्न पनि खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाले सहयोग गर्नेछ ।

यस योजनाको दिर्घकालीन लक्ष्य खानेपानी, सरसफाइ तथा स्वच्छतामा नयाँ जीवनशैली अवलम्वन गर्नु तथा स्थायी सामाजिक व्यवहार परिवर्तन गर्नु हो । यस योजनाका विशेष उद्देश्यहरु यस प्रकारका छन् :

- मौज्जुदा खानेपानी, सरसफाइ तथा स्वच्छता पूर्वाधार तथा सुविधाहरु र उपलब्ध पानीको स्रोतहरुको व्यवस्थित तथ्याङ्क राख्ने ।
- पोषण, शिक्षा तथा अन्य आयआर्जनका क्रियाकलापहरु संग खानेपानी सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरुको एकिकृत योजना संचालन गर्ने र सम्भाव्य खानेपानी सरसफाइ तथा स्वच्छता योजनाको पहिचान तथा प्राथीकरण गर्ने ।
- पालिका भित्र रहेका खानेपानीको सेवा नपुगेका र सेवामा नसमेटिएकाहरु समुदाय वा घरधुरीहरुमा खानेपानीको सेवा सुनिश्चित गर्न छोटो अवधी, मध्यम अवधी र लामो अवधीको रणनीतिक योजनाहरु तयार गरि लक्ष्य हासिल गर्ने ।
- निश्चित समयावधी भित्र १००% उपलब्धी हासिल गर्ने लक्ष्य तय गरि र पालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छताको आधारभुत तथ्यांहरु संकलन र खानेपानी सरसफाइ तथा स्वच्छताको बेन्चमार्क तय गर्ने ।
- घरायसी, समुदाय सार्वजनिक तथा संस्थागत स्तरमा खानेपानी योजनाको संचालनको अवस्था र सरसफाइ तथा स्वच्छता व्यवहारको दिगोपना कायम गर्न खानेपानी सरसफाइ तथा स्वच्छता अनुगमन प्रणालीको स्थापना गर्ने ।
- समुदाय तथा घरायसीस्तरको खानेपानी सरसफाइ सुविधाहरुको अवस्था अनुगमन गरि वार्षिक रुपमा अनुगमन गरि सर्वसाधारणको पहुँचमा भए नभएको जानकारी लिइ, सो अनुरुप वार्षिक योजना तर्जुमा गर्ने ।

## ३. खानेपानी सरसफाइ तथा स्वच्छता योजनाको सिद्धान्त


गाउँपालिका स्तरको खानेपानी सरसफाइ तथा स्वच्छता योजनाले समावेश गरिने मुख्य मुख्य सिद्धान्तहरु यस प्रकार छन्:

- स्थानीय सरकारको नेतृत्व तथा समुदायको सहभागीता,
- "सेवाबाट वञ्चितलाइ सेवा पुर्‍याऔं " र "पछाडि नपरेकामा पुगौं " भन्ने करामा लक्ष्य निर्धारण,
- समुदायस्तर बाट योजना तर्जुमाको सुरुवात गर्ने,
- सबैको अधिकारलाई ध्यानमा राखी पृथगता सहभागीतात्मक र समावेशी प्रक्रियामा योजना निर्माण गर्ने ।

- पालिका भित्रका खानेपानी ससफाइ र स्वच्छता संग सम्वन्धि सबै विषयवस्तुहरु सहितको समग्र योजना तयार पार्ने ।
- पालिका तथा वडाका खानेपानी स्वच्छता समन्वय समिति तथा सम्वन्धित व्यक्तिको क्षमता विकासका क्रियाकलापहरु संचालन गर्ने ।
- लैङ्गिकता, विपद व्यवस्थापन तथा विपद जोखिम व्यवस्थापन जस्ता विषयलाई अन्तर्रनिहित विषयवस्तुलाई समावेश गर्ने ।
- सार्वजनिक शौचालयहरुको उपलब्धता, स्थिति र आवश्यकताहरुको विश्लेषण गर्ने,
- घरधुरी, पसल, होटल, रेष्टुरेन्ट, विद्यालयमा, अस्पताल, उद्योग कालकारखाना र सार्वजनिक स्थानहरुमा ठोस फोहोर तथा फोहोर पानीको व्यवस्थापनका नीति र नियमहरु बनाउने ।
- खानेपानी सरसफाइ तथा स्वच्छताको अनुगमन प्रणालीको विकास तथा तथ्यांक अध्यावधिक गर्ने ।
-

४. खानेपानी सरसफाइ तथा स्वच्छता योजनाको अवधारणा

यो योजना यस पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) का क्रियाकलापहरुको कार्यान्वयनको रणनीतिक योजना हो । यो समग्र पालिकाको विकास योजनाको अभिन्न अंग हुनेछ । तल दिइएको तालिकाले पालिका स्तरीय खानेपानी, स्वच्छता र सरसफाइ (WASH) योजना तयारीको आधारभुत धारणाको खाका प्रस्तुत गर्दछ ।




खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयारी प्रक्रिया पालिकास्तरीय छलफल बाट शुरु हुनेछ । त्यसपछि सबै सरोकारवालाहरु सँगको सहकार्यमा योजना तयारीका लागी छलफल गरिनेछ ।

५. विधि तथा प्रक्रिया

खानेपानी, सरसफाइ तथा स्वच्छता योजना सम्बन्धित पालिकाको नेतृत्व तथा समन्वयमा र अन्य सरकारी निकाय, विकास साझेदार र प्रदेश सरकार तथा खानेपानी तथा ढल निकास विभागको सहयोगमा सहभागितात्मक विधि बाट तयार गरिनेछ । यसका लागी तयार पारिएका प्रश्नावलीहरु परीक्षण गरेर र त्यसै अनुरुप संशोधन गरि अन्तिम प्रयोग गरिनेछ । यो योजना तयारीका लागी प्रथम तथा द्वितिय स्रोत दुवैको प्रयोग गरिनेछ विशेष गरि तथ्यांक संकलनका लागी प्रश्नावली, अवलोकन र लक्षित समुह छलफल विधिको प्रयोग गरिनेछ । यसका साथै योजना तयारीका लागी साझेदार बीचको समन्वय, वडा तथा पालिका स्तरको छलफल, तथ्यांक प्रमाणीकरणका लागी कार्यशाला आदि क्रियाकलापहरु संचालन गरिनेछ ।

## ६.तथ्यांक संकलन विधि तथा प्रक्रिया

गाउँपालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयारीका लागी तलका आवश्यक पर्ने केही तथ्यांकहरु संकलन गर्न नेपाल सरकारको खानेपानी मन्त्रालयले तयार पारेको मोवाइल एप प्रयोग गर्नेछ र उक्त एप प्रयोगका लागी खानेपानी मन्त्रालय र खानेपानी तथा ढल व्यवस्थापन विभाग संग प्रविधि पहुँच तथा दक्षताका लागी समन्वय गरिनेछ । त्यसका साथै स्थानीय आवश्यकता अनुसार आवश्यकता महसुस गरिएका अन्य तथ्यांकहरु संकलनका लागी अन्य प्रविधिको प्रयोग गरिनेछ ।

१.**खानेपानी योजनाको दिगोपनाको अवस्था अनुगमन (NWASH Project Sustainability) :** यस एप बाट निमार्ण भएका खानेपानीका योजनाहरुको संचालन तथा दिगोपनाको तथ्यांक संचालन तथा अध्यावधिक गर्ने ।

२. **खानेपानीको सुविधा नपुगेको जनसंख्या** - खानेपानी सुविधा नपुगेको समुदायमा, घरधुरीकोका लागी वडास्तरका छलफल गरि उक्त घरधुरी र समुदायको सूची तयार पारिनेछ र तथ्यांक NWASH बाट संकलन गरिनेछ ।

३. **घरायसीस्तरको तथ्यांक विवरण सकलन:** यस अन्तरगत घरायसीस्तरको जनसंख्यीक अवस्था तथा खानेपानी सरसफाइ तथा स्वच्छता अवस्था संकलन गरिनेछ । यसका लागी पनि नेपाल सरकारको NWASH प्रयोग गर्ने सकिनेछ ।

४. **सार्वजनिक शौचालय:** उपलब्ध सार्वजनिक शौचालयहरुको अवस्थाको विश्लेषण र थप आवश्यक शौचालयहरुको आवश्यकता बारेमा छलफल गरिनेछ । यसका लागी अवलोकन तथा छलफल गरिनेछ ।

५. **विद्यलायस्तरिय खानेपानी** तथा **सरसफाइ अवस्था विश्लेषण:** विद्यालयको तथ्यांक विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता कार्यविधि अन्तरगत रहि संकलन गरि अवस्था विश्लेषण गरिनेछ । यसका लागी आवश्यकता अनुसार NWASH वा अन्य विधिको प्रयोग गरि तथ्यांक संकलन गरिनेछ ।

६.**स्वास्थ्य संस्थाको खानेपानी ससफाइ तथा स्वच्छता अवस्था:** यसका लागी आवश्यकता अनुसार NWASH वा अन्य छलफल बाट तथ्यांक संकलन गरिनेछ ।


७. **नाली व्यवस्थापन (Drainage):** यस अन्तरगतको तथ्यांक पनि NWASH वा अन्य छलफल बाट संकलन गरिनेछ ।

८. **समुदाय स्तरको खानेपानी तथा सरसफाइ सुविधा:** समुदायको खानेपानी, सरसफाइ तथा स्वच्छताको आकडा लागी पनि NWASH को प्रयोग गरिनेछ भने समुदाय अध्ययन तथा छलफल बाट पनि यसको तथ्यांक संकलन गरिनेछ ।

९. **ठोस फोहर तथा दिशा जन्य लेदोको व्यवस्थापन:** यस अन्तरगत ठोस फोहर व्यवस्थापनको वर्तमान अभ्यास, स्थान तथा व्यवस्थापन प्रक्रियाका बारेमा जान्न पाउनको लागी प्रयोग गरिनेछ त्यसका साथै सुधारका लागी सम्भाव्य योजना पनि तयार पार्न पनि सहयोग गर्नेछ । यसको तथ्यांक प्रश्नावली

अनुसार छलफलबाट संकलन गरिनेछ ।खानेपानी, सरसफाइ तथा स्वच्छता योजनामा ठोस फोहर व्यवस्थापन तथा दिशा अन्य लेदो घरायसी स्रोतको व्यवस्थापन तथा व्यवस्थापन पनि योजनामा समावेश गरिनेछ ।

**प्रक्रिया**




६. [illegible]

खानेपानी सरसफाइ तथा स्वच्छता योजना माथी उल्लेखित प्रक्रियामा रहि चरणबद्ध रुपमा तयार पारिनेछ । यसको [illegible] हुनेछ भने अन्य संघसंस्थाहरुले यसको तयारी तथा कार्यान्वयनमा सहयोगी भूमिका [illegible] । योजना तयारी पश्चात पालिकास्तर बाट योजनालाइ प्रमाणीकरण गरि लागु गरिनेछ ।
योजना तयारीका लागी तल दिएका क्रियाकलापहरु तीन चरणमा संचालन गरिनेछन् ।

६.१ [illegible]

**क्रियाकलाप १: खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयारीका लागी जिल्ला स्तरिय समन्वय:**

गाउँपालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति - (M-WASH-CC) ले जिल्ला समन्वय समिति, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, जिल्ला स्तरिय खानेपानी सरसफाइ तथा समन्वय समिति, अन्य विकास साझेदार संघ संस्था तथा खानेपानी सरसफाइ सम्वन्धि विज्ञहरु संग छलफल गरि यसको आवश्यकता सम्भाव्यता तथा आवश्यक सहयोगको बारेमा छलफल गर्नेछ । यस समन्वय अनौपचारिक तथा औपचारिक दुवै गर्न सकिनेछ । यो समन्वयले पालिकाको दोस्रो चरणको क्रियाकलापहरुका समय तथा प्रक्रिया निर्धारण गर्नेछ ।

**क्रियाकलाप २: पालिकास्तरमा खानेपानी सरसफाइ तथा स्वच्छता कार्यविधि पारित:**

गाउँपालिका स्तरीय कार्यपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि पारित गर्नुका साथै खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयारीका लागी निर्णय गरि खानेपानी, सरसफाइ तथा स्वच्छता समितिलाई योजना तयारीका लागी निर्देशन दिनेछ ।

**क्रियाकलाप ३: नगरपालिकास्तरीय साझेदार संस्था विश्लेषण:**

यो बैठकको आयोजना पालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति -: (M-WASH-CC) गर्नेछ यसमा पालिकास्तरमा खानेपानी, सरसफाइ तथा अन्य विभिन्न क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको सहभागीता रहनेछ । यस बैठकमा योजना बनाउने समय, लागत र प्रक्रियाको बारेमा जानकारी गराइनेछ साथै आवश्यक जनशक्तीको पनि विश्लेषण गरिनेछ । यस बैठकमा सम्भाव्य साझेदार संस्थाहरुको विवरण, सहयोगको प्रकृति तथा परिमाण पनि निर्धारण गर्न सकिनेछ । यस बैठकमा पालिकास्तरको खानेपानी सरसफाइ तथा स्वच्छता संग सम्बन्धि उपलब्ध तथ्यांहरुको संकलन तथा विश्लेषण र प्रश्नावलीको तयारी, खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयारीका लागी कार्ययोजना तयारी गर्न मुख्य जिम्मेवारी दिने गरि कार्यदलको गठन गरिनेछ ।

**क्रियाकलाप ४: कार्ययोजना तथा प्रश्नावली तयारी**

गठित कार्यदलले खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयार योजना तयार पार्नेछ, जसमा आवश्यक बजेट, समयसिमा, विभिन्न संस्था तथा व्यक्तिहरुको जिम्मेवारी निर्धारण गरिनेछ । उक्त कार्यदलले NWASH मा भएको प्रश्नावलीहरु अध्ययन गर्ने र लक्षित समूह छलफल तथा अवलोकनका लागी चेक लिस्ट तयार पार्नेछ । कार्यदलले उक्त क्रियाकलापहरु संचालन गर्न खानेपानी सरसफाइ विज्ञता भएको व्यक्तिको सहयोग लिन सक्नेछ र यसका लागी पालिका स्तरिय खानेपानी सरसफाइ स्वच्छता समन्वय समितिले परामर्शदाता परिचालन गर्न सक्नेछ वा खानेपानी सरसफाइ तथा स्वच्छताको क्षेत्रमा काम गर्ने विकास साझेदारलाइ जिम्मेवारी बाडफाड गर्न सकिनेछ ।

**क्रियाकलाप ५: खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयारी बैठक -:(RMWASH-CC meeting )**

यस बैठकको मुख्य उद्देश्य कार्यदलद्वारा गरिएको प्रगती तथा समिक्षा गर्नु हो ।यस बैठकमा WASH-CC ले कार्यदलका प्रस्तावित माथी छलफल गरि सुझाव सहित पारित गर्ने गर्नेछ । यस बैठकमा वास योजना तयारी कार्ययोजना, प्रश्नावली र चेक लिस्टहरुमा छलफल गरि कार्यान्वयनका लागी पारित गरिनेछ ।

**यस बैठकका चरणहरु**

- आवश्यक तथ्यांकहरु, तथ्यांक संकलन विधि तथा नमुना संकलन विधि तथा आकार आदिको प्रस्तुती,
- जिम्मेवारी बाडफाड सहित स्रोत साधनहरुको विश्लेषण (लागत, जनशक्ती र समयसिमा),
- खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयार पार्ने विस्तृत योजना ।

**क्रियाकलाप ६: फिल्डकार्यको तयारी**

- गाउँपालिका जिल्ला तथा अन्य संघसंस्था उपलब्ध खानेपानी सरसफाइ तथा स्वच्छता संग सम्बन्धित तथ्यांकहरुको संकलन तथा विश्लेषणका लागी जिम्मेवारी तोक्ने,
- फिल्ड सहजकर्ता गणक तथा सर्वेक्षक तथा अनुगमनकर्ताको विश्लेषण तथा तालीम र अभिमुखिकरणको लागी

- विद्यमान खानेपानी योजनाहरु तथा सम्पर्क व्यक्तिहरुको बारेमा जानकारी संकलन,
- NWASH को बारेमा गणक तथा अन्य विज्ञहरुलाइ तालीम उपलब्ध गराउने ।
- फिल्ड तथा अन्य कार्यक्रमका लागी लजिष्टिक तयारी

फिल्डकार्यको तयारी समन्वय समिति समेतको सहकार्यमा कार्यदलले गर्नेछ । त्यसका लागी आवश्यक पर्ने सहजकर्ताको व्यवस्थाका लागी साझेदार संस्था, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग तथा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय संग समन्वय गरिनेछ ।

६.२. सर्वेक्षक तथा गणकहरुको छनौट, तालीम

तथ्यांक संकलनको मुख्य उद्देश्य समुदायको यथार्थ वस्तुस्थिति अध्ययन गरि सुधारको योजना तयार पार्नु हो । फिल्डसर्वेक्षक वा तथ्यांक संकलनकर्ता यसका मुख्य जिम्मेवार पात्र हुन, तसर्थ, सर्वेक्षक वा तथ्यांक संकलनकर्ताको सहि छनौट र प्रश्नावली, प्रक्रिया तथा प्रविधिको बारेमा तालीम दिइ र नमुना परिक्षण गरि फिल्डमा परिचालन गरिनेछ ।

**क्रियाकलाप ७: सर्वेक्षक तथा तथ्यांक संकलनकर्ताको छनौट**

गाउँपालिकामा खानेपानी विद्यमान खानेपानी योजना, जनसंख्या तथा भुगोल र कार्यभारको हिसाब गरि कार्यदलले आवश्यक जनशक्तीको आँकलन गर्नेछ । खानेपानी योजना सर्वेक्षक तथा तथ्यांक संकलनकर्ताको छनौट निम्नानुसार क्राईटेरियाको आधारमा छनौट गरिनेछ ।

**खानेपानी योजना सर्वेक्षकको छनौटका आधारहरु**

१.सिभिल ईन्जिनियरिङमा डिप्लोमा वा सब ओभरसियर पास गरि खानेपानीको क्षेत्रमा काम गरेको वा अन्य कुनै विषयमा १२ कक्षा पास गरि खानेपानीको क्षेत्रमा काम गरेको र खानेपानी संरचनाहरुको बारेमा जानकारी भएको,

२. खानेपानी सरसफाइको क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको र खानेपानीका संरचनाहरु तथा लेआउटको बारेमा जानकारी भएको ।

३. मोबाइल एप वा अन्य तरिकाले तथ्यांक संकलन तथा विश्लेषणमा अनुभव भएको,

४. सरसफाइ तथा स्वच्छता सूचकहरु बारेमा जानकारी भएको,

५. Android function support smart mobile भएकालाइ प्राथमिकता दिने,

६. महिला तथा पिछडिएका वर्गलाई प्राथमिकता दिइने ।

**सरसफाइ तथा स्वच्छता सर्वेक्षकको छनौटका आधारहरु**

१.कुनै पनि विषयमा कम्तीमा १२ कक्षा पास गरेको

२. खानेपानी सरसफाइ र स्वच्छताका क्षेत्रमा २ वर्ष काम गरेको

३. मोबाइल एप वा अन्य तरिकाले तथ्यांक संकलन तथा विश्लेषणमा अनुभव भएको,

४. सरसफाइ तथा स्वच्छता सूचकहरु बारेमा जानकारी भएको

५. Android function support smart mobile भएकालाइ प्राथमिकता दिने,

६) महिला तथा पिछडिएका वर्गलाइ प्राथमिकता दिइने ।

नोटः कर्मीमा ५०% महिलाहरु छनोट गरिने ।

**क्रियाकलाप ८: सर्वेक्षक तथा तथ्यांक संकलनकर्तालाइ तालीम**

सर्वेक्षक तथा तथ्यांक संकलनकर्तालाइ फिल्ड परिचालन गर्नु भन्दा अघि तथ्यांक संकलन तथा व्यवस्थापन सम्बन्धि तालीम दिइनेछ । यो तालीममा मोबाइल एपको माध्यम बाट विभिन्न तथ्यांक संकलन गर्ने तरिका सिकाउनलाइ संचालन गरिनेछ, साथै लक्षित समूह छलफल र अवलोकन बाट के कस्ता जानकारीहरु संकलन गर्ने भन्ने बारेमा पनि जानकारी दिइनेछ । यो तालीम जम्मा तीन दिनको संचालन गरिनेछ र सर्वेक्षक तथा तथ्यांक संकलनकर्ताको संख्या हेरी १ भन्दा बढि संख्यामा पनि संचालन गर्न सकिनेछ ।

६.२ द्वितिय स्रोतको तथ्यांकहरुको अध्ययन र विश्लेषण

**क्रियाकलाप ९ : योजना सम्बन्धि कार्यशाला**

खानेपानीको पहुँच पुगेको वा नपुगेका घरधुरी वा समुदायको नक्साकन गर्न, सार्वजनिक शौचालयको आवश्यकता तथा अवस्था, विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सरकारी सरसफाइ तथा स्वच्छतामा मूख्य समस्याहरुको पहिचान तथा समाधानका उपायहरु माथी छलफल गर्न यो कार्यशाला संचालन गरिनेछ । यस बाट प्राप्त जानकारीहरु विस्तृत सर्वेक्षणका लागी पनि उपलब्धीमूलक हुनेछन् भने फिल्डबाट संकलित तथ्यांकहरुको प्रमाणिकरणका लागी पनि महत्वपूर्ण हुनेछन् । योजना सम्बन्धि कार्यशाला वडा र पालिका गरि दुई तहमा संचालन गरिनेछ ।

यो कार्यशालाको वडामा १ दिन र पालिकामा २ दिनको संचालन गरिनेछ, कार्यदल तथा खानेपानी सरसफाइ समितिले यो कार्यशाला सहजिकरण गर्नेछन् । यो कार्यशालामा पालिकाको खानेपानी योजनाहरुको संख्या, संचालनको अवस्था, समस्याहरुको अवस्था आदिको बारेमा जानकारी लिनुका साथै, खानेपानी योजनाहरुमा महिला तथा पिछडिएका वर्गको सहभागीता तथा नेतृत्वको अवस्था विश्लेषण गरिने छ जसले योजनामा महिला तथा पछाडी पारिएका वर्गको सहभागीता सुनिश्चित गर्न सहयोग पुग्नेछ ।

यस कार्यशालामा निम्नानुसार छलफल गरि प्रमाणिकरण गरिनेछ ।

- द्वितिय स्रोत बाट उपलब्ध तथ्यांकहरु पनि विश्लेषण गरि सम्भाव्य क्रियाकलापहरु सूची तयार गरिनेछ,
- सेवा नपुगेका क्षेत्रहरु र त्यसका चुनौतीहरुको पहिचान,
- घरायसी, विद्यालय तथा स्वास्थ्य संस्थाका तथ्यांक संकलनका प्रविधि तथा नमुना संकलन संकलनका बारेमा छलफल गर्ने
- घरायसी, विद्यालय तथा स्वास्थ्य संस्थाका खानेपानी सरसफाइ तथा स्वच्छताको स्थिति सुधारका लागी सम्भाव्य क्रियाकलापहरु पता लगाउने
- आवश्यक सार्वजनिक शौचालयहरुको संख्या पत्ता लगाउने ।

नोटः *पालिकास्तरिय कार्यशालामा प्रत्येक वडा बाट सहभागीता रहने गरि तथ्यांक संकलन क्रियाकलापको अनुगमन गर्न गरि टोली अनुगमन टोली गठन गरिनेछ ।*

६.४ फिल्डकार्य : सर्वेक्षण र तथ्यांक संकलनको चरण

**क्रियाकलाप १० : परिमाणात्मक तथ्यांक संकलन**

योजना तयारीका लागी परिमाणात्मक तथ्यांक संकलन NWASH को प्रयोग बाट गरिनेछ साथै स्थानीय वस्तुस्थिति अनुसारको थप तथ्यांक आवश्यकता अनुसार अन्य माध्यमबाट पनि संकलन गरिनेछ । यसका लागी साझेदार संस्था, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, खानेपानी तथा ढल निकास विभाग आदि सगको समन्वयमा प्रश्नावलीहरुलाइ अन्तिम रुप दिइनेछ । यस अन्तरगत निम्नानुसार तथ्यांकहरु संकलन गरिनेछ ।

**क)घरायसीस्तरको खानेपानी सरसफाइ तथा स्वच्छता तथ्यांक संकलन**

घरायसीस्तरको खानेपानी तथा सरसफाइका तथ्यांक पूर्ण सरसफाइको सूचकका आधारमा रहि संकलन गरिनेछ । यसका लागी सम्पूर्ण घरधुरीको तथ्यांक संकलन गरिनेछ नमुना संकलन गरिनेछ ।

**ख)समुदाय स्तरको खानेपानी सरसफाइ तथा स्वच्छता तथ्यांक संकलन**

कार्यदलले पालिका भित्र संचालित सम्पूर्ण योजनाहरुको पहिचान गरि NWASH App बाट तालीम प्राप्त प्राविधिकहरु खटाइ खानेपानी योजनाको संचालन तथा दिगोपनाका लागी तथ्यांकहरु संकलन गरिनेछ ।

यस अन्तरगत,

१. खानेपानी योजनाको संचालन अवस्था

२. खानेपानी योजनाको दिगोपनाका अवस्था

३. खानेपानी योजना व्यवस्थापन समिति वा समूहको तथ्यांक संकलन गरिनेछ ।

**ग) विद्यालयको खानेपानी सरसफाइ तथा स्वच्छता तथ्यांक संकलन**

विद्यलाय खानेपानी सरसफाइ तथा स्वच्छताको तथ्यांक विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता कार्यविधि २०७४ अनरुप अनुगमन गरि संकलन गरिनेछ । विद्यालयमा खानेपानी, शौचालय, महिनावारी व्यवस्थापन, हातधुने व्यवस्थापन, विद्यालयको वातावरण र विपद जोखिमको तयारीका अवस्थाहरु अनुगमन गरि संकलन गरिनेछ । यो तथ्यांक पूर्ण सरसफाइ कार्यविधिमा आधारित भइ प्रश्नावली तयार पारि संकलन गरिनेछ ।

**घ) स्वास्थ्य संस्थाको खानेपानी सरसफाइ तथा स्वच्छता तथ्यांक संकलन**

गाउँपालिकाका रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा सर्वेक्षण गरि खानेपानी सरसफाइको स्थिति विश्लेषण गरिनेछ । यो सर्वेक्षण NWASH को प्रश्नावली अनुसार गरिनेछ र आवश्यक परेको खण्डमा कार्यदल बाट प्रश्नावली थपघट गर्न सकिनेछ ।

**ङ.) अन्य कार्यालय तथा संघसंस्थाहरुको खानेपानी सरसफाइ तथा स्वच्छता तथ्यांक संकलन**

गाउँपालिकामा अवस्थित सरकारी, गैरसरकारी संघसंस्थाहरुको खानेपानी सरसफाइ र स्वच्छता व्यहार परिक्षण गर्न कार्यदल तथा अनुगमन समितिले चेकलिस्ट तयार गरि अनुगमन गर्नेछ । यसमा विभिन्न संघ संस्थाहरुको खानेपानी तथा सरसफाइ अवस्था अवलोकन गरि प्रतिवेदन तयार गरिनेछ ।

**च) सार्वजनिक स्थलको खानेपानी सरसफाइ तथा स्वच्छता तथ्यांक संकलन**

गाउँपालिकामा रहेका अवस्थित सार्वजनिक स्थलको सूची तयारपारि खानेपानी, सरसफाइ र स्वच्छताको अवस्था अनुगमन गरिनेछ । उक्त अनुगमन कार्यदल तथा अनुगमन टोलीले चेक लिस्ट अनुसार गर्नेछ । यस अन्तरगत निम्नानुसार तथ्यांकहरु संकलन गरिनेछ ।

- उपलब्ध सार्वजनिक शौचालयको अवस्था
- ठोस फोहरको व्यवस्थापन
- सार्वजनिक धाराहरुको सरसफाइको अवस्था आदि,

**क्रियाकलाप ११ : गुणात्मक तथ्यांक संकलन**

**क) पछाडी पारिएका समुदाय संग लक्षित समूह छलफल (सहभागी ६ देखि ८ जना)**

खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयारी कार्यदलले खानेपानी, सरसफाइ सुविधा सम्बन्धित प्रश्नावली राखेर खानेपानीको सेवा नपुगेका सिमान्त समूह संग छलफल गर्नेछ । यस अन्तरगत निम्न विषयमा तथ्यांकहरु संकलन गरिनेछ । छलफलको संख्या कार्यदलले निर्धारण गर्नेछ ।

- खानेपानी सरसफाइ र स्वच्छता सुविधाको अवस्था,
- यसमा खानेपानी योजना संचालन नहुनुका मुख्य कारणहरु,
- गरिएका प्रयासहरु,
- नेतृत्वमा उक्त वर्गका सहभागिता आदि ।

**ग) खानेपानी उपभोक्ता समितिका सदस्यहरुसंग लक्षित समूह छलफल ( सहभागी ६ देखि ८ जना)**

छलफलका लागी खानेपानी उपभोक्ता संख्या कार्यदलले निर्धारण गर्नेछ र भौगोलिक विविधता, समुह र समुदाय, योजनाको साइज आदिमा निहित रहि योजनाको छनौट गरिनेछ । प्रत्येक छलफलमा कम्तीमा ५० % महिलाहरुको सहभागिता सुनिश्चित गरिनेछ । यस छलफल बाट निम्नानुसार जानकारी संकलन गरिनेछ

- खानेपानीको सेवा स्तर अवस्था
- खानेपानी योजनामा महिला तथा पछाडी परिएका वर्गको सहभागीता
- खानेपानीका मुख्य मुख्य समस्याहरु
- समस्याका कारण तथा समाधानका उपायहरु आदि

**घ) बिद्यालयहरु संग लक्षित समूह (विद्यालय व्यवस्थापन समिति वा School WASH-CC,( सहभागी ६ देखि ८ जना)**

कार्यदलले लक्षित समूह छलफलका लागी विद्यालयको छनौट गर्नेछ, त्यसका लागी सरसफाइको दृष्टिकोणले राम्रो र सुधार गर्नुपर्ने विद्यालयलाइ छनौट गरि छलफल गराइनेछ। छलफलको चेक लिस्ट कार्यदलले तयार गर्नेछ । जसमा खानेपानी, शौचालय तथा हात धुने ठाउँको व्यवस्था, महिनावारी व्यवस्थापन अभ्यास, विद्यालय सुधार योजनामा खानेपानी सरसफाइ तथा स्वच्छता विषय वस्तुहरुको बारेमा छलफल गरिनेछ ।

विद्यालयमा बाल क्लबका सदस्य संग पनि छलफल गर्न सकिनेछ ।

६.४. तथ्याङ्कहरुको प्रविष्टि, विश्लेषण, योजना निर्माण र प्रतिवेदन लेखन

**क्रियाकलाप १२: तथ्यांक प्रविष्ठि**

धेरैजसो तथ्याकहरु NWASH सहयोगले संकलन गरिनेछ, र सिधै विश्लेषण गरिनेछ भने, केही थप तथ्यांकहरु संकलनका लागी कार्यदलले दिन तथा आवश्यक व्यक्ति तोकी तथ्यांक प्रविष्ठि गर्नेछ ।

**क्रियाकलाप १३: तथ्यांक विश्लेषण**

संख्यात्मक तथा गुणात्मक दुवै तथ्याङ्कहरु संकलन गरिसके पछि कार्यदलले खानेपानी, सरसफाइ तथा स्वच्छता र तथ्यांक विशेषज्ञ वा विश्लेषकको सहायतामा तथ्याङ्क विश्लेषण गर्नेछ । तथ्यांकहरु प्रमाणिकरणका लागी कार्यदलले वडा अनुसार विभिन्न तथ्यांकहरु छुट्टयाउनेछ ।

तथ्याङ्कहरुको विश्लेषण निम्नको आधारमा गरिनेछ ।

- घरायसी स्तरमा पूर्ण सरसफाइको सूचकहरुको अवस्था
- सामुदायिक तथा वातावरणिय सरसफाइ अवस्था
- सार्वजनिक शौचालयको अवस्था तथा आवश्यकता
- विद्यालय खानेपानी/सरसफाइको अवस्था
- स्वास्थ्य संस्थाको खानेपानी तथा सरसफाइको अवस्था
- खानेपानी योजनाको संचालन तथा दिगोपनाको अवस्था
- खानेपानी योजना संरक्षण मर्मत तथा सम्भार
- ठोस फोहर व्यवस्थापन
- दिशाजन्य लेदोको व्यवस्थापन
- खानेपानी सरसफाइ तथा स्वच्छतामा मुख्य समस्या तथा चुनौतीहरु
- खानेपानी तथा सरसफाइ योजनामा महिला सहभागीता तथा नेतृत्व
- खानेपानी तथा सरसफाइ योजनामा जलवायु परिवर्तन तथा विपदको जोखिम

**क्रियाकलाप १४: तथ्याङ्कको प्रमाणिकरण र मस्यौदा WASH योजना तयारी**

साझेदार संस्था र सरोकारवालाको सहयोगमा WASH योजनाको लिखित दस्तावेज कार्यदलले तयार गर्नेछ र RM-WASH-CC को बैठकमा प्रतिक्रिया संकलन गर्न सेयर गरिनेछ । एक सीमित समय सीमा भित्र सम्पूर्ण सम्बन्धित सुझावहरु र प्रतिक्रियाहरु समावेश गरेपछि WASH योजनाको अन्तिम रुप तयार गरिनेछ ।

**क्रियाकलाप १५: खानेपानी सरसफाइ र स्वच्छता योजना पारित**

पालिकाका सम्पूर्ण प्रतिक्रिया, सल्लाह सुझावहरु समावेश गरेपछि कार्यदलले पालिका स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समितिमा उक्त प्रतिवेदन प्रस्तुत गर्नेछ । सो अनुरुप र समितिले पारितका लागी पालिकालाई सिफारिस गर्नेछ । पालिकाले उक्त योजना पारित गरि कार्यान्वयनका लागी वडा लगायत सम्बन्धित निकाय उपलब्ध गराउनेछ, साथै अन्य साझेदार संस्था, जिल्ला स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समिति खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय आदिलाई वितरण गर्नेछ ।

**अनुसूची २. सफा र स्वच्छ सेवाका सूचकहरु**

**अनुसूची ३. विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छताका सूचकहरु**

सन्दर्भ सामाग्री

१.पूर्ण सरसफाइ मार्गदर्शन २०७३

२. विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता कार्यविधि २०७४,

३. सरसफाइ गुरुयोजना २०६८

४. खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना